धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाइबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ७६ ◆ २०८३ असोज १६ शुक्रबार ◆ Friday, October 2, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## अलपत्र १६ पर्यटकको उद्धार

❑ *प्रत्यूष समाचारदाता*

लमजुङ । मनाङमा अलपत्र परेका १६ जना इन्डोनेसियाली पर्यटक लाई बिहीबार हेलिकप्टरबाट लमजुङ ल्याइएको छ । डाइनेस्टी हेलिकप्टरमार्फत उनीहरूलाई मनाङको निस्याङ गाउँपालिका-१, घताङ एग्रो क्षेत्रबाट लमजुङको बेँसीसहर नगरपालिका-७, सहजीमा ल्याइएको हो ।

अन्नपूर्ण पदमार्गमा ट्रेकिङका लागि गएका उनीहरू असोज ८ देखि ११ गतेसम्म परेको निरन्तर वर्षाका कारण ठाउँठाउँमा पहिरो गएपछि घताङ एग्रो क्षेत्रमा अलपत्र परेका थिए । अलपत्र परेका पर्यटकलाई हेलिकप्टर मार्फत उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रमुख प्रहरी नायब उपरीक्षक जितेन्द्र बहादुर बस्नेतले सो अवसरमा बताउनुभयो । प्रहरीका अनुसार उद्धार गरिएका पर्यटकमा सिटी आलिया रहादियानी, अराफी अनुगेराह साप्नुदिन, सिटी अकिया नुरफद्ला, अजी बागुस सेतियावान, नाइरा हानिफ्फादिला नोअर बुदिमान, बेट्टी अगुस्टिना सुप्रियाटिन, मेटा अज जाह्रा पुत्री, मुहम्मद दिनी अकबर, मुहम्मद अल्लाम नाज्ल्लि फा, एएफआरएल आर एलजेड केएल, सिफा अलिफा युसुफ, मुहम्मद राफ्दी फौजान, मुमान, मुहम्मद खैरुदिन, बेला ग्रासेभा अमान्दा पुत्री र दिनी अब्दिलाह रहेका छन् । लमजुङ ल्याइएपछि उनीहरू ग१ज ३७४० र बा.प्र. ०१-००७ ख १६८० नम्बरका सवारीसाधनमार्फत पोखरातर्फ प्रस्थान गरेका छन् । प्रहरीका अनुसार लगातारको वर्षाका कारण अन्नपूर्ण पदमार्ग तथा बेँसीसहर-चामे सडक प्रभावित भएपछि पर्यटकको आवत जावतमा समस्या भएको थियो । सडक तथा पदमार्गको अवस्था सहज नभएपछि उनीहरू लाई हेलिकप्टरबाट उद्धार गरी लमजुङ ल्याइएको हो ।

उद्धारका क्रममा जिल्ला प्रहरी कार्यालय बाट प्रहरी हवल्दार गुञ्जबहादुर बरामको कमाण्डमा चार जनाको टोली समेत परिचालन गरिएको थियो ।

# कृषि तथा वन विज्ञान विश्वविद्यालय : अध्ययन बिदा छानविन गर्न छानबिन समिति गठन

❑ *प्रत्यूष समाचारदाता*

चितवन । कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरका शिक्षक तथा कर्मचारीले लिएको अध्ययन बिदा दुरुपयोग भएको भन्ने गुनासो पछि छानबिन गर्न समिति गठन गरिएको छ । विश्वविद्यालयको वनविज्ञान सङ्कायका डीन डा गान्धिव काफ्लेको संयोजकत्वमा समिति गठन गरिएको हो ।

विश्वविद्यालयका रजिस्ट्रार प्रा डा सुवीर सिंहले जारी गरेको पत्रअनुसार शिक्षा तथा खेलकुद मन्त्रालय र विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त निर्देशन तथा विश्वविद्यालयको कार्यकारी परिषद्को निर्णयका आधारमा समिति गठन गरिएको उल्लेख छ । समितिमा कृषि सङ्कायका सहायक डीन (प्रशासन) डा कृष्णप्रसाद थापालिया, पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान सङ्कायका सहायक डीन (प्रशासन) राजेन्द्र बस्याल र सहप्रशासक सहदेव चौधरी सदस्य रहनुभएको छ ।

कर्मचारी प्रशासन महाशाखा का कामु उपप्रशासक दिनेश अधिकारी सदस्य सचिव रहनुभएको छ । समितिले विश्वविद्यालय स्थापना भएदेखि वा अन्य विश्व विद्यालय तथा निकायबाट समायोजन भई विश्वविद्यालयको शिक्षक तथा कर्मचारी सेवामा रहेका र अध्ययन बिदा लिएका शिक्षक तथा कर्मचारी को बिदा स्वीकृति, अध्ययनको अवस्था, बिदाको प्रयोजन तथा बिदा अवधिमा भए/गरेका गतिविधिबारे छानविन गर्ने पत्रमा उल्लेख छ । त्यसैगरी, अध्ययन बिदाको स्वीकृति प्रक्रिया, अध्ययनको प्रगति तथा बिदाको अवधिमा सम्बन्धित शिक्षक तथा कर्मचारीले गरेका गतिविधि लाई छानबिनको आधार बनाइने विश्वविद्यालयले जनाएको छ । समितिले तोकिएको कार्यादेश अनुसार अध्ययन बिदा दुरुपयोग सम्बन्धी विषयमा छानबिन गरी तीन महिनाभित्र विश्वविद्यालयको रजिस्ट्रार कार्यालयमा विस्तृत प्रतिवेदन बुझाउनेछ ।

विसं २०६९ मा स्थापना भएको यस विश्व विद्यालयमा प्राध्यापक कर्मचारी गरी ७७१ जना छन् । जसमध्ये १७२ जना प्राध्यापन र ५९९ जना कर्मचारी रहेका छन् । तीमध्ये प्राध्यापनतर्फका ४० जना



र कर्मचारी २५ जना बिदामा रहेको रजिष्ट्रार सिंहले जानकारी दिनुभयो । उहाँहरु र यसअघि बिदा लिएकाहरुले बिदाको सही उपयोग गरे/नगरेकोसमेत अध्ययन गरी प्रतिवेदन तयारका लागि समिति बनाइएको उहाँले बताउनुभयो । यसअघि बिदामा गएर नआएका कोही भए त्यसकोसमेत समितिले खोजी गर्ने उहाँको भनाइ छ ।

# वन व्यवस्थापनबाट तनहुँमा तीन हजार ३३४ क्युफिट काठ उत्पादन

❑ *प्रत्यूष समाचारदाता*

दमौली । तनहुँमा सामुदायिक वनको वैज्ञानिक तथा व्यवस्थित वन व्यवस्थापनमार्फत तीन हजार ३३४ क्युफिट काठ उत्पादन गरिएको छ । वन व्यवस्थापनका क्रममा साल, कटुस तथा चिलाउनेलगायत प्रजातिका रूख कटान गरी काठसँगै दाउरा पनि उत्पादन गरिएको हो ।

डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटले जिल्लाका विभिन्न सामुदायिक वनमा वन व्यवस्थापन कार्यक्रम सञ्चालन गरी काठ तथा दाउरा उत्पादन गरिएको बताउनुभयो । वनको अवस्था, उमेर, घनत्व तथा व्यवस्थापन योजनाका आधारमा रूख हटाएर वनको पुनरुत्पादन र उत्पादकत्व कायम गर्ने उद्देश्यले व्यवस्थापन गरिएको उहाँले जानकारी दिनुभयो । रानाभाटका अनुसार शुक्लागण्डकी नगर पालिका-९ स्थित ढोरबाराही सामुदायिक वनबाट १३० क्युफिट सालको काठ र दुई दशमलव पाँच चट्टा दाउरा उत्पादन भएको छ । त्यस्तै, भानु नगरपालिका-७ स्थित थानीमाई सामुदायिक वनबाट ४३१ दशमलव २६ क्युफिट सालको काठ तथा दुई दशमलव ५५ चट्टा दाउरा उत्पादन गरिएको छ ।

ऋषिङ गाउँपालिका-४ स्थित गुम्लेक सामुदायिक वनबाट साल, कटुस र चिलाउने प्रजातिका गरी २०० क्युफिट काठ तथा दुई चट्टा दाउरा उत्पादन भएको छ । बन्दीपुर गाउँपालिका-१ स्थित छपेली सामुदायिक वनबाट ७० क्युफिट सालको काठ र छ चट्टा दाउरा उत्पादन गरिएको कार्यालय ले जनाएको छ । यसैगरी, म्याग्दे गाउँपालिका-१ स्थित टुनीभञ्ज्याङ सामुदायिक वनबाट साल र चिलाउने प्रजातिका ५३५ क्युफिट काठ तथा तीन चट्टा दाउरा उत्पादन भएको छ । व्यास नगरपालिका-२, ३ र ४ मा पर्ने बाघभञ्ज्याङ सामुदायिक वनबाट ११८ क्युफिट सालको काठ र दुई चट्टा दाउरा उत्पादन समेत गरिएको छ ।

घिरिङ गाउँपालिका-१ स्थित नीलकण्ठ सामुदायिक वनबाट १५० क्युफिट सालको काठ तथा एक दशमलव पाँच चट्टा दाउरा उत्पादन भएको छ । जिल्लामै सबैभन्दा बढी काठ देवघाट गाउँपालिका-५ स्थित साँढेबगर सामुदायिक वनबाट उत्पादन भएको छ । उक्त वनबाट एक हजार ७०० क्युफिट सालको काठ तथा तीन चट्टा दाउरा उत्पादन गरिएको डिभिजन वन कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार यी सामुदायिक वनबाट उत्पादित काठको परिमाणमा साँढेबगर सामुदायिक वनको हिस्सा मात्रै आधाभन्दा बढी रहेको छ । वन व्यवस्थापनका क्रममा उत्पादित काठ तथा दाउरालाई प्रचलित कानुन तथा सामुदायिक वनको कार्ययोजनाअनुसार व्यवस्थापन तथा उपयोग गरिने जनाइएको छ । डिभिजन वन कार्यालयले वन व्यवस्थापनलाई केवल रूख कटानका रूपमा नभई वनको स्वास्थ्य सुधार, पुराना तथा रोगी रूख हटाउने, नयाँ बिरुवाको वृद्धि प्रवर्द्धन गर्ने र वनबाट प्राप्त स्रोतलाई स्थानीय उपभोक्ताको आवश्यकतासँग जोड्ने प्रक्रियाका रूपमा अघि बढाउँदै आएको जनाएको छ ।

वन व्यवस्थापनबाट प्राप्त काठ स्थानीय उपभोक्ताको घरायसी तथा आवश्यकताअनुसार उपयोग गर्न सकिने भएकाले यसले वन स्रोतको दिगो उपयोगमा सहयोग पुग्ने कार्यालय प्रमुख रानाभाटले बताउनुभयो ।

## हाम्रो सनसाइन स्कुल फाउण्डेसनद्वारा बाढीपीडितका लागि रु २५ लाख सहयोग

काठमाडौँ । भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिक को राहत, उद्धार तथा पुनः स्थापनाका लागि हाम्रो सनसाइन स्कुल फाउण्डेसनले रु २५ लाख सहयोग गरेको छ । फाउण्डेसनका सचिव एवं हाम्रो सनसाइन स्कुलका प्रधानाध्यापक दिवेश खत्रीले सो बराबरको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुनेगरी सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनालाई बिहीबार चेक हस्तान्तरण गर्नुभयो ।

खत्रीका अनुसार शिक्षक, कर्मचारी र संस्थाका सदस्यहरुका तर्फबाट रकम सङ्कलन गरी कोषमा जम्मा गरिएको हो । सो अवसरमा सञ्चारमन्त्री डा तिमिल्सिनाले विपद्को समयमा गरिएको सहयोगप्रति धन्यवाद व्यक्त गर्दै बाढीपीडितको राहत तथा पुनः स्थापनालाई सरकारले पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो । स्कुलले विगत २५ वर्षदेखि आर्थिक रूपमा विपन्न बालबालिकालाई पूर्ण निःशुल्क शिक्षासहित दिवा खानाको समेत व्यवस्था गर्दै आएको खत्रीको भनाइ छ । कक्षा १२ सम्मको पठनपाठन हुने सो स्कुल काठमाडौँको बौद्धमा छ ।

## बिर्तामोडमा असोज १६ देखि किताब मेला

भद्रपुर (झापा) । पठन संस्कृतिको विकास तथा पुस्तक पढ्ने बानीलाई प्रोत्साहन गर्ने उद्देश्यले झापाको बिर्तामोडमा चौथो संस्करणको 'किताब मेला २०८३' आयोजना हुने भएको छ । इशा बुक सेन्टर बिर्तामोड, झापाली साहित्य समाज र साहित्य पत्रकार मञ्च बिर्तामोड को संयुक्त आयोजनामा असोज १६ देखि ३० गतेसम्म किताब मेला सञ्चालन हुन लागेको हो ।

पछिल्लो समय पुस्तक पढ्नेको सङ्ख्या घट्दै गएको अवस्थामा पठन संस्कृतिको विकासका लागि मेलाको आयोजना गरिएको किताब मेला संयोजक केशवप्रसाद मैनालीले बताउनुभयो । "पुस्तक पढ्ने संस्कृतिको विकास र पाठकलाई विभिन्न विधाका पुस्तकसँग जोड्ने उद्देश्यले मेला आयोजना गरेका हौँ", उहाँले भन्नुभयो । मेलामा पाँच हजारभन्दा बढी पुस्तक राखिने जनाइएको छ । विभिन्न विधा तथा उमेर समूह अनुसारका पुस्तकमा १० देखि ३० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको संयोजक मैनालीले जानकारी दिनुभयो । मेलामा लेखकसँग संवाद, कविता तथा गजल वाचन, लक्की ड्रलगायतका कार्यक्रम पनि सञ्चालन हुने जनाइएको छ ।

# ज्येष्ठ नागरिक अनुभव बैंक बनाउँदै महिला, बालबालिका मन्त्रालय

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले ज्येष्ठ नागरिकसँग जीवनभर सञ्चित ज्ञान, सीप, अनुभव र जीवनका सिकाइलाई संरक्षण गरी नयाँ पुस्तासम्म हस्तान्तरण गर्ने उद्देश्यले 'ज्येष्ठ नागरिक अनुभव बैंक' निर्माण तथा विकासको प्रक्रिया अघि बढाएको छ ।

छत्तिसौँ अन्तरराष्ट्रिय ज्येष्ठ नागरिक दिवसका अवसरमा मन्त्रालयले ज्येष्ठ नागरिकलाई केवल हेरचाह र संरक्षण आवश्यक पर्ने समूहका रूपमा नभई राष्ट्रका ज्ञान, सीप र अनुभवका अमूल्य स्रोतका रूपमा स्थापित गर्दै उहाँहरूको अनुभवलाई भावी पुस्तासँग जोड्ने नयाँ अवधारणा अघि सारेको हो ।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले ज्येष्ठ नागरिकसँग सञ्चित ज्ञान, सीप, अनुभव र जीवनका सिकाइ राष्ट्रका अमूल्य बौद्धिक तथा सामाजिक सम्पदा भएको बताउनुभएको छ । "ज्येष्ठ नागरिकसँग सञ्चित ज्ञान, सीप, अनुभव र जीवनका सिकाइ राष्ट्रका अमूल्य बौद्धिक तथा सामाजिक सम्पदा हुन् । ती अनुभवको संरक्षण, अभिलेखी करण र पुस्तान्तरणलाई संस्थागत रूप दिन डिजिटल प्रविधिको उपयोगसहित 'ज्येष्ठ नागरिक अनुभव बैंक' निर्माण तथा विकासको प्रक्रिया अघि बढाइएको छ", मन्त्री बादीले सो क्रममा भन्नुभएको छ ।

उहाँका अनुसार यस पहलले एक पुस्ताले आर्जन गरेको ज्ञान र अनुभवलाई अर्को पुस्ताको मार्गदर्शनमा रूपान्तरण गर्दै अन्तरपुस्ता ज्ञान हस्तान्तरणलाई सुदृढ बनाउनेछ ।

मन्त्रालयले अघि बढाएको अनुभव बैंकले ज्येष्ठ नागरिक प्रतिको परम्परागत दृष्टिकोणलाई फराकिलो बनाउने लक्ष्य राखेको छ । सामाजिक सुरक्षा, स्वास्थ्य, हेरचाह र संरक्षणसँगै उहाँहरूसँग रहेको ज्ञान, सीप र जीवन अनुभवलाई समाज तथा भावी पुस्ताका लागि उपयोग गर्ने यसको मूल अवधारणा हो ।

## सम्पादकीय ....

### विपद्‌बाट थप जोखिम

सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय कमजोर हुँदा एउटै विकास कार्यमा दोहोरो लगानी हुन्छ। जथाभावी डोजर चलाएर पहाड काट्ने, पहिरोको फेदीमा सडक र बस्ती विस्तार गर्ने, चक्लाबन्दी गर्ने, नदी-खोलाको प्राकृतिक बहाव साँघुरो बनाउने, अनियन्त्रित उत्खनन गर्ने र कमजोर भूभागमा संरचना बनाउने प्रवृत्ति विकास होइन, त्यो भविष्यको ठूलो विपद्‌को आधार हो ।

विपद्‌को असर पनि सबैलाई समान हुँदैन । समान हुनका लागि भदौ १० गते जलवायु परिवर्तनको कारण आएको भोटेकोशी विपद्‌नै हुनुपर्छ। जहाँ केवल नागरिकको मानवीय भावनाबाहेक केही पनि बाँकी रहेनन्। तर यही विपद फरक खालको आयो भने सम्पन्न परिवारसँग वैकल्पिक जमिन, घर र आर्थिक स्रोत हुन्छ । जसले आफूलाई पुनःव्यवस्थित गर्न सक्छ । तर यही कुरा एउटा गरिब, दलित तथा भूमिहीन सुकुमबासी परिवारले गर्न सक्दैन । उनीसँग त्यो समाजिक हैसियत हुँदैन। एउटा जोखिमले बर्बादी गर्दा अर्को जोखिम नै रोज्नुपर्ने हुन्छ। त्यस्तो खालको निरन्तर समाजिक संस्कृति छ। विपद्मा उनीहरूको एउटा झुपडी गुम्नु भनेको केवल झुपडी मात्र गुम्नु होइन, त्योसँगै उसको सारा सम्पत्ति, रोजगारी, सामाजिक सुरक्षा र भविष्यको आधार नै गुम्नु हो, सखाप हुनु हो। त्यसैले विपद् व्यवस्थापनलाई राहत र उद्धारको नजरले मात्र हेरिनुहुँदैन । यो सामाजिक न्यायको ठूलो विषय पनि हो ।

मधेसको बाढी-डुबान र पहाडको पहिरो अलग समस्याजस्तो देखिए पनि यसको एउटा साझा कारण अव्यवस्थित भू-उपयोग नै हो । चुरे दोहन, नदी-खोलाबाट अनियन्त्रित उत्खनन, प्राकृतिक बहावमा अवरोध, कमजोर तटबन्ध र अव्यवस्थित बस्ती, चक्लाबन्दीले जोखिम बढाइरहेका छन्। माथिल्लो भूभागमा हुने भू-उपयोग परिवर्तनको असर तल्लो मधेशसम्म पुग्छ । त्यसैले मधेसको विकासलाई सडक र भवन निर्माणमा मात्र सीमित नगरी चुरे संरक्षण, नदी प्रणाली, भूमिगत पानी, कृषि, सिँचाइ र बाढी व्यवस्थापनसँग जोड्नुपर्छ।

हाम्रो घडेरी प्लानिङ र तीन तह सरकारको जात, समुदाय र वर्गलाई विकासमा प्राथमिकता दिँदा कमजोर वर्ग, जाति र समुदायको अव्यवस्थित र जोखिमपूर्ण विकास झन कमजोर र जोखिम निम्त्याइरहेको हुन्छ। त्यसैले जोखिमयुक्त जमिनमा प्लटिङ र गरिब, दलित बस्तीको अविकासको जोखिम सिंगो नागरिकमाथि सार्छ। नागरिकले ऋण लिएर त्यही जमिन र ठाउँमा घर बनाउँछ र विपद् आएपछि जीवनभरको कमाइ गुमाउँछ। भू-उपयोग योजना, नक्सा पास र निर्माण अनुमति केवल प्रशासनिक प्रक्रिया होइन, नागरिक सुरक्षासँग जोडिएको विषय पनि हो। त्यसैले घडेरी प्लटिङ गर्दा पनि जोखिम ठाउँ र प्लटिङको बाटो २० फिटको छ भने सुरुमै २० फिट कायम गरेर स्वीकृति दिनुपर्छ । सोह्र फिट स्वीकृति दिएर अन्त्यमा उपयोग गर्ने सामान्य नागरिकलाई मार पर्नेगरी तीन/तीन फिट छोडेर २० फिट पुऱ्याउने बेथितिपूर्ण धन्दा बन्द गर्नुपर्छ। किनभने नेपाल प्राकृतिक विपद्‌को उच्च जोखिममा रहेको मुलुक हो । जलवायु परिवर्तनले बाढी, पहिरो, हिमपहिरो, हिमताल विस्फोट र अन्य विपद्‌को जोखिमलाई थप जटिल बनाइरहेको छ ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


## बाढीले घर डुबायो, आनन्दबगरवासीलाई थातथलो छाड्ने चिन्ता

बेनी नगरपालिका-१ आनन्दबगरका रुद्रबहादुर थापाले लत्ताकपडा, भाँडाकुँडा र खाद्यान्न खेतमा तरकारी खेती गर्न बनाइएको प्लास्टिक थुपार्नुभएको छ। घरभित्र पसेको बाढीको हिलो पन्छाउँदै बचेका सामान घाममा सुकाउनु उहाँको पछिल्लो चार दिनयताको दैनिकी बनेको छ।

कालीगण्डकीमा यही असोज ११ गते आएको बाढीले आनन्दबगरका आठ वटा घरभित्रै पसेर ठूलो क्षति पुऱ्यायो। बाढीले केही सामान बगायो भने बाँकी सामान हिलाम्मे भएका छन् । भिजेका छन्। चार दिन बितिसक्दा पनि घरभित्रका सामान निकालेर सफा गर्ने काम सकिएको छैन ।

"तीन भाइका सँगै रहेका तीन वटा घरको आधा तलासम्म बाढी पसेको थियो," रुद्रबहादुरले भन्नुभयो, "केही सामान बगायो । बचेका सामान खोजेर सरसफाइ र संरक्षण गर्ने काम चार दिनसम्म पनि सकिएको छैन । अब कहाँ बस्ने भन्ने टुङ्गो छैन ।"

व्यावसायिक तरकारी खेती गर्दै आउनुभएका रुद्रबहादुरको समय अहिले खेतमा भन्दा बाढीले क्षति पुऱ्याएको घर र सामान व्यवस्थापनमै बितिरहेको छ । कालीगण्डकीमा फेरि बाढी आउने त्रासले साँझ आफन्तको घरमा गएर सुत्ने र बिहान आनन्दबगर फर्किएर घरभित्रको हिलो पन्छाउने उहाँको दिनचर्या बनेको छ।

रुद्रबहादुरको जस्तै पीडा भोजबहादुर जिसी, पम्मी जिसी, सविना जिसी र मानबहादुर खत्रीलगायत आनन्दबगरवासीको पनि छ। नदी किनारदेखि करिब २० मिटर दूरीमा रहेको बस्तीमा यसअघि यसरी बाढी पसेको आफूलाई थाहा नभएको ६० वर्षीया कमला जिसी बताउनुहुन्छ।

"कालीगण्डकीमा मैले थाहा पाएदेखिकै ठूलो बाढी आयो," उहाँले भन्नुभयो, "बाढीले भिजाएका सामान त धोइपखाली गरौँला तर बस्ती नै छोडेर जानुपर्ने अवस्था आउला भन्ने चिन्ताले सताएको छ।" जीवनभरको मेहनत खर्चिएर बनाएको घर बाढीले पुरिएर बस्नै नमिल्ने अवस्थामा पुगेपछि कमलाको मन खिन्न छ। घरमा भएका खाद्यान्न पनि बाढीले बगाएपछि उहाँको परिवारलाई बाससँगै गासको चिन्ता थपिएको छ।

### रातको त्रास

आनन्दबगरका ८० वर्षीय कालुमान थापाका लागि यसपटकको बाढी जीवनभरको सम्झनामा रहेको मध्यको सबैभन्दा ठूलो हो। कालीगण्डकीको बाढी तटबन्ध र सडक नाघेर घरभित्र पसेपछि भागेर ज्यान जोगाउनुभयो।

"बेनीमा रहेका आफन्तले फोन गरेर बाढी आएको जानकारी गराए," उहाँले भन्नुभयो, "राति करिब १२:०० बजेको थियो । त्यसपछि भागेर ज्यान बचाउन सफल भयौँ ।" अहिले पनि कालीगण्डकीको बहाव बढेको देख्दा स्थानीयवासी तर्सिन्छन् । दिनभर घर सफा र सामान व्यवस्थापन गरे पनि राति आफ्नै घरमा सुरक्षित भएर सुत्न सकिने अवस्था नरहेको उनीहरुको गुनासो छ।

### आत्मनिर्भर बनेको बस्ती

मालढुङ्गा-बेनी सडक निर्माण हुनुअघि बागलुङ र पर्वततर्फबाट म्याग्दी आवतजावत गर्ने मानिसले आनन्दबगरको पदमार्ग प्रयोग गर्थे। सडक विस्तार भएपछि भने यहाँका बासिन्दाले व्यावसायिक तरकारी खेतीलाई आम्दानीको मुख्य माध्यम बनाएका थिए।

सानो क्षेत्रफलमा तरकारी खेती गरेर स्थानीय बजारमा बिक्री गर्ने रुद्रबहादुरसहितका किसान स्वरोजगार र आत्मनिर्भर बन्दै आएका थिए तर अहिले बाढीले घरसँगै घरवरपरका करेसाबारीमा लगाएको तरकारी बालीमा क्षति पुऱ्याएको छ।

बाढीले आनन्दबगरको खेलमैदान पुरेको छ । बेनीबाट आनन्दबगर जोड्ने सडक पहिरोका कारण क्षतिग्रस्त बनेको छ । खानेपानीको संरचनामा क्षति पुगेपछि स्थानीयवासीलाई थप समस्या भएको छ। आनन्दबगरको माथिल्लो बस्ती भने दुई वर्षअघि कालीगण्डकी नदी किनारमा निर्माण गरिएको पक्की पर्खालका कारण बाढी र कटानबाट जोगिएको स्थानीयवासी लालबहादुर थापाले बताउनुभयो। नदी किनारको बस्ती संरक्षणका लागि दीर्घकालीन संरचना निर्माण गर्नुपर्ने उनीहरुको माग छ।

"आनन्दबगरलाई तटबन्ध गरेर सुरक्षित र बस्नयोग्य बस्ती बनाउनुपर्छ," स्थानीयवासी सविना जिसीले भन्नुभयो, "अहिले घरमा बस्न सकिने अवस्था छैन। बाढीको त्रास पनि उस्तै छ।"

### दीर्घकालीन संरक्षणको माग

बेनी नगरपालिका-१ का वडाध्यक्ष टेकबहादुर थापाले पछिल्लो वर्षापछि आएको बाढीले वडाभित्र सबैभन्दा ठूलो क्षति आनन्दबगरमा भएको बताउनुभयो। उहाँका अनुसार सिममा एउटा र

सन्तोष गौतम

अर्जममा दुई वटा घरमा क्षति पुगेको छ।

बाढीपहिरो प्रभावित परिवारलाई खाद्यान्नलगायत राहत सामग्री उपलब्ध गराइएको उहाँले बताउनुभयो । खानेपानी आपूर्ति सहज बनाउन नगरपालिकामा पहल भइरहेको र दीर्घकालीन रुपमा बस्ती संरक्षणका लागि सङ्घीय सरकारको सहयोग आवश्यक रहेको उहाँको भनाइ छ । "आनन्दबगरमा अल्पकालीन राहतको व्यवस्था मिलाएका छौँ। खानेपानीको समस्या समाधान गर्न पहल गर्छौं," वडाध्यक्ष थापाले भन्नुभयो, "दीर्घकालीन रुपमा बस्तीलाई सुरक्षित बनाउन तटबन्धलगायत संरचना निर्माणका लागि सङ्घीय सरकारको सहयोग आवश्यक छ।" कालीगण्डकीको किनारमा रहेको आनन्दबगरले केही वर्षयता व्यावसायिक तरकारी खेतीबाट आफ्नो पहिचान बनाउँदै आएको थियो तर बाढीले यहाँका परिवारको घर, खाद्यान्न, खेतीपाती र भविष्यप्रतिको भरोसामा नै क्षति पुऱ्याएको छ । बाढीपछि घरको आँगनमा थुप्रिएको हिलो, खेतमा पुरिएको तरकारी र प्लास्टिक घरभित्र थुपारिएका घरायसी सामानले आनन्दबगरवासीको बदलिएको दैनिकी देखाउँछन् । उनीहरुको अहिलेको प्राथमिकता बाढीले बगाउन बाँकी रहेका सामान जोगाउनु र सुरक्षित बासको खोजी गर्नु बनेको छ। दीर्घकालीन रुपमा बस्ती संरक्षण नभए कालीगण्डकीको किनारमा पुस्तौँदेखि बस्दै आएका परिवारलाई आफ्नो थातथलो छाड्नुपर्ने अवस्था आउन सक्ने चिन्ता बढेको छ।

## अन्नपूर्ण आधार शिविरबाट जलवायु न्यायको आवाज

कास्की । कास्कीको अन्नपूर्ण गाउँपालिकाले विश्वप्रसिद्ध अन्नपूर्ण आधार शिविर (एबिसी) बाट जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बढ्दै गएको जोखिम र त्यसको न्यायोचित सम्बोधनका लागि आवाज उठाएको छ।

यस वर्षको मनसुनमा बाढी, पहिरो र नदी कटानबाट ठूलो क्षति व्यहोरेको गाउँपालिकाले चार हजार १३० मिटर उचाइमा रहेको हिमाली तथा पर्यटकीय गन्तव्य एबिसीमा बुधबार गाउँ कार्यपालिकाको विशेष बैठक बसेको थियो।

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा देखिएका समस्या, जलवायु न्याय, हिमाली क्षेत्रको संरक्षण तथा स्थानीय समुदायको उत्थानशीलताका विषयमा ध्यानाकर्षण गराउन विशेष बैठक आयोजना गरिएको गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले जानकारी दिनुभयो।

अन्नपूर्णको मोदीखोला र किम्रुङ खोलामा गत साउन र भदौ महिनामा पटकपटक आएको बाढीले होटल, सडकलगायतका पूर्वाधारमा क्षति पुऱ्याएको छ भने बिरेठाँटी र स्याउली बजार जोखिममा परेका छन्। बाढीले पक्की सडक बगाएपछि पर्यटकीय गाउँ घान्द्रुकको पोखरासँगको सिधा सडक सम्पर्क ४० दिनसम्म टुटेको थियो। विपद्‌बाट गाउँपालिकाले व्यहोरेको क्षतिको पूर्ण विवरण अझै सङ्कलन हुन सकेको छैन। "यस वर्षको मनसुनमा अन्नपूर्ण गाउँपालिका बाढी, पहिरो तथा नदी कटानबाट प्रभावित बन्यो। विशेषगरी मोदीखोलाको कटानले गाउँपालिकाका विभिन्न क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ।

जलवायु परिवर्तनका कारण स्थानीय पूर्वाधार, कृषि, आवतजावत, पर्यटन तथा स्थानीय समुदायको जनजीवनमा परेको असरका बारेमा एबिसीबाट ध्याना-कर्षण गराएका हौँ," गाउँ पालिका अध्यक्ष केसीले भन्नुभयो।

उहाँका अनुसार अन्नपूर्ण क्षेत्र जलवायु परिवर्तनको प्रभाव प्रत्यक्ष रूपमा अनुभव गरिरहेको संवेदनशील हिमाली भूभाग हो । पछिल्ला वर्षमा तापक्रम वृद्धि तथा वर्षाको स्वरूपमा आएको परिवर्तनले हिमाली पारिस्थितिक प्रणाली, जैविक विविधता, हिमाल तथा हिमनदी, जलस्रोत, कृषि र स्थानीय जीविकोपार्जनमा चुनौती थपिएको उहाँले बताउनुभयो।

जलवायु परिवर्तनका कारण बाढी, पहिरो, नदी कटान तथा अतिवृष्टिजस्ता जोखिम बढ्दै जाँदा त्यसको सामना स्थानीय तहको प्रयासबाट मात्र सम्भव नहुने गाउँपालिकाको निष्कर्ष छ। यसका लागि सङ्घ तथा प्रदेश सरकारबाट आवश्यक नीति, प्राविधिक सहयोग, पर्याप्त बजेट, जलवायु वित्तमा पहुँच, अनुसन्धान तथा अन्तरसरकारी समन्वय आवश्यक रहेको बैठकले औँल्याएको छ । अध्यक्ष केसीले अन्नपूर्ण आधार शिविरबाट उठाइएको जलवायु न्यायको आवाज अन्नपूर्ण क्षेत्रको मात्र नभई हिमाल, हिमाली समुदाय, जैविक विविधता, जलस्रोत तथा समग्र जलवायु संरक्षणसँग जोडिएको विषय भएको समेत बताउनुभयो।


### कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं

- **कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,**
- **कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,**
- **व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,**
- **कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,**
- **शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,**
- **डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,**
- **मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं ।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# हाम्रो कथा, हाम्रो पहिचान, नेपाली चलचित्र राष्ट्रको सम्मान भन्ने नारासहित चलचित्र दिवस मनाइयो

*प्रत्यूष समाचारदाता*

काठमाडौँ । नेपालको पहिलो चलचित्र 'आमा' प्रदर्शन भएको दिनको स्मरणमा बिहीबार दोस्रो राष्ट्रिय चलचित्र दिवस मनाइएको छ। चलचित्र विकास बोर्डले देशमा पछिल्लो समय आएको विपत्तिका कारण कुनै औपचारिक कार्यक्रम आयोजना नगरी आन्तरिक रूपमा शुभकामना आदानप्रदान गरी दिवस मनाएको हो ।

भोटेकोशी नदीमा गएको बाढीलगायत मौसमजन्य विपत्तिका कारण मुलुकका विभिन्न क्षेत्र प्रभावित भएकाले यस वर्ष दिवसलाई औपचारिक कार्यक्रम नगरी मनाइएको चलचित्र विकास बोर्डका सदस्य-सचिव सविनसिंह चौधरीले जानकारी दिनुभयो । दिवसका अवसरमा बोर्डका कार्यवाहक अध्यक्ष रविलाल शर्मा र सदस्यसचिव चौधरीसहित कर्मचारीहरूको सहभागिता थियो। दोस्रो राष्ट्रिय चलचित्र दिवसका लागि चलचित्र विकास बोर्डले 'हाम्रो कथा, हाम्रो पहिचान, नेपाली चलचित्र राष्ट्रको सम्मान' भन्ने नारा तय गरेको छ। सो अवसरमा शुभकामना व्यक्त गर्दै बोर्डका कार्यवाहक अध्यक्ष शर्मा भन्नुभयो, "नेपालको पहिलो चलचित्र 'आमा' सार्वजनिक प्रदर्शन भएको दिनको विशेष स्मरणमा हरेक वर्ष असोज १५ गतेलाई राष्ट्रिय चलचित्र दिवस मनाउने नेपाल सरकारको निर्णय अनुरूप आज नेपाली चलचित्र इतिहासकै एउटा गौरवशाली र ऐतिहासिक क्षणमा चलचित्र विकास बोर्डबाट 'हाम्रो कथा, हाम्रो पहिचान, नेपाली चलचित्र राष्ट्रको सम्मान' भन्ने नाराका साथ दोस्रो राष्ट्रिय चलचित्र दिवस मनाउने निधो भएको हो ।"

# लुम्बिनी होटल सङ्घ र उत्तर-पूर्व भारतीय पर्यटन महासङ्घबीच समझदारी

रुपन्देही । बुद्ध जन्मस्थल लुम्बिनी र भारतको उत्तर-पूर्वी क्षेत्रको पर्यटन प्रवर्द्धनसहित क्षेत्रीय सहयोग विस्तार गर्ने उद्देश्यले लुम्बिनी होटल सङ्घ र उत्तर-पूर्व भारतीय पर्यटन महासङ्घ बीच समझदारी भएको छ ।

लुम्बिनी होटल सङ्घ र भारतको उत्तर-पूर्वी क्षेत्रका आठ राज्यका पर्यटन व्यावसायी सम्मिलित महासङ्घबीच भएको सो समझदारीबाट लुम्बिनी क्षेत्र र भारतको उत्तर-पूर्वी क्षेत्रबीच पर्यटन, संस्कृति, आतिथ्यता तथा व्यावसायिक सम्बन्ध विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

लुम्बिनी होटल सङ्घका अध्यक्ष लीलामणि शर्मा 'जुपिटर'ले गत वर्ष दुई लाख ६९ हजार भारतीय पर्यटक लुम्बिनी घुम्न आएका जानकारी दिँदै द्विपक्षीय समझदारीपछि ८० हजार वृद्धि भई करिब तीन लाख ५० हजारभन्दा बढी भारतीयले लुम्बिनीको भ्रमण गर्ने अपेक्षा गरेको बताउनुभयो । उहाँले पर्यटकको बसाइ अवधि लम्ब्याउन बुद्ध जन्मस्थलमा पूर्वाधार विकाससहित आसपासका क्षेत्रलाई पनि पर्यटकीय गन्तव्यका रुपमा विकास गर्नुपर्ने खाँचो औँल्याउनुभयो ।

उत्तर-पूर्वी भारत पर्यटन महासङ्घका महासचिव छिरिङ्ग वाङ्गेले द्विपक्षीय समझदारीपछि पवित्र बुद्धभूमिको प्रचारप्रसारसहित क्षेत्रीयस्तरमा लाभान्वित हुन, धर्म-संस्कृतिको संरक्षण तथा व्यावसायिक प्रवर्द्धन गर्न र भाइचाराको सम्बन्ध विस्तार गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

यसैगरी, होटल सङ्घका पूर्वअध्यक्ष गोविन्द ज्ञवालीले दुवैतर्फ लाभान्वित हुनेगरी स्थल तथा हवाई सम्पर्क विस्तारसँगै संयुक्त पर्यटन प्याकेज निर्माण गरी पर्यटक आवागमन बढाउनेतर्फ ध्यान जानुपर्ने धारणा व्यक्त गर्नुभयो । समझदारीमा लुम्बिनी र उत्तर-पूर्वी भारतलाई जोडेर पर्यटन तथा तीर्थयात्राको संयुक्त प्रवर्द्धन गर्ने, पर्यटकको बसाइ अवधि लम्ब्याउने, बौद्ध तथा हिन्दू तीर्थस्थलसहित सांस्कृतिक र पर्या-पर्यटन गन्तव्य लाई जोड्ने उल्लेख छ ।

त्यस्तै, स्थल तथा हवाई सम्पर्कको सम्भावना पहिचान, सीमापार आवागमन सहज बनाउन सम्बन्धित निकायसँग समन्वय तथा पर्यटन व्यवसायी, सञ्चारकर्मी र 'डिजिटल' सामग्री उत्पादकबीच नियमित आदानप्रदान गर्ने सहमति भएको सङ्घले जनाएको छ ।

यसैबीच, रुपन्देहीको कोटहीमाई गाउँपालिका मर्यादापुर मा सञ्चालित एकदिने निःशुल्क आँखा परीक्षण शिविरमा ५२ जनामा मोतियाविन्दु पहिचान भएको छ । स्थानीय मर्चवार सहकारी संस्थाको आयोजना तथा लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान एवं रिसर्च सेन्टर अन्तर्गत श्री रण-अम्बिका शाह आँखा अस्पताल, भैरहवाको प्राविधिक सहयोगमा राखिएको शिविरमा आसपासका २७५ जनाको नेत्र परीक्षण गरिएकामा ५२ जनामा मोतियाविन्दुको समस्या देखिएको हो ।

वरिष्ठ नेत्र अधिकृत डा सञ्जीव अधिकारीको नेतृत्वमा खटिएको प्राविधिक टोलीले शिविरमा सहभागीको आँखा परीक्षण तथा आवश्यक परामर्श दिएको रण-अम्बिका शाह अस्पतालका सूचना अधिकारी प्रतीक पाण्डेयले जानकारी दिनुभयो ।

ग्रामीण तथा पहुँचको हिसाबले पछाडि परेका मर्चवार क्षेत्रका नागरिकलाई घरनजिकै आधारभूत आँखा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गरिएको सूचना अधिकारी पाण्डेयले बताउनुभयो ।

# बालबालिकालाई आवासीय शिक्षा

मकवानपुर । भोटेकोशी बाढीका कारण अभिभावक गुमाएका बालबालिकाको शिक्षा, संरक्षण र भविष्य सुनिश्चित गर्न बागमती प्रदेश सरकारले आवासीय शिक्षा कार्यक्रम अघि बढाएको छ ।

विनाशकारी बाढीबाट अभिभावकविहीन बनेका बाल बालिका लाई सुरक्षित आवाससहित कक्षा १२ सम्म निःशुल्क शिक्षा दिने निर्णय कार्यान्वयनका लागि आवश्यक कार्यविधि संशोधन र व्यवस्थापनको प्रक्रिया अघि बढाइएको प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री सरल सहयात्री पौडेलले जानकारी दिनुभयो ।

मन्त्री पौडेलका अनुसार मन्त्रालयले आवासीय शिक्षा कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधिमा आवश्यक रायसहित सहमति दिएको छ । विपद्बाट प्रभावित बालबालिकाको वास्तविक अवस्था र आवश्यकतालाई सम्बोधन गर्ने गरी कार्यविधिलाई थप व्यावहारिक र प्रभावकारी बनाउन सुझाव दिइएको उहाँले बताउनुभयो। प्रदेश मन्त्रिपरिषद्ले यसअघि नै रसुवा, नुवाकोट, धादिङ र चितवनमा बाढी तथा विपद्का कारण अभिभावक गुमाएका बालबालिकाको शिक्षा, आवास र संरक्षणको जिम्मेवारी प्रदेश सरकारले लिने निर्णय गरेको थियो। बाढीका कारण बालबालिकाको पढाइ प्रभावित नहोस् र उनीहरूको भविष्य अन्योलमा नपरोस् भन्ने उद्देश्यले आवासीय शिक्षा कार्यक्रम सञ्चालन गर्न लागिएको हो । कार्यक्रमअन्तर्गत विद्यालय भर्ना र पढाइसँगै आवास, खानपान, स्वास्थ्य, सुरक्षा, संरक्षण, मनो सामाजिक सहयोग तथा निरन्तर हेरचाहको व्यवस्था गरिनेछ। प्रदेश सरकारले बाढीपछि अभिभावक विहीन बनेका बालबालिकाको विवरण सङ्कलन गरिरहेको छ ।

# जेनजी आन्दोलनका दुई सहिदको परिचय बाँकेको स्थानीय पाठ्यक्रममा समेटिँदै

नेपालगञ्ज । नेपालगञ्ज उप महानगरपालिकाले 'जेनजी' आन्दोलनका क्रममा ज्यान गुमाएका नेपालगञ्ज-१ धम्बोजीका दुई युवाको योगदानसहित परिचय स्थानीय पाठ्यक्रममा समेट्ने तयारी गरेको छ ।

विसं २०८२ भदौ २३ गते काठमाडौँमा भएको जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएका १९ वर्षीय आयुष थापा र २३ वर्षीय सुलभराज श्रेष्ठको योगदानलाई नयाँ पुस्तामाझ परिचित गराउँदै उहाँहरूको स्मृतिलाई दीर्घकालसम्म जीवन्त राख्ने उद्देश्यले स्थानीय पाठ्यक्रम मा परिचय समेट्न लागिएको उपमहानगर कार्यालयले जनाएको छ । उपमहानगरप्रमुख प्रशान्त विष्टले सहिद परिवारको आग्रह अनुसार दुवै युवाको परिचय स्थानीय पाठ्यक्रममा समावेश गर्ने प्रक्रिया अघि बढाइने बताउनुभयो। "नयाँ पुस्तालाई जेनजी सहिदको योगदानबारे जानकारी गराउँदै उहाँहरूको स्मृतिलाई जीवन्त राख्न स्थानीय पाठ्यक्रममा परिचय समेट्ने तयारी भइरहेको छ", उहाँले भन्नुभयो। सरकारी विवरणमा पनि आयुष थापा र सुलभराज श्रेष्ठलाई नेपालगञ्ज-१, बाँकेका जेनजी सहिदका रूपमा उल्लेख गरिएको छ । दुवै युवाको सम्मान तथा स्मृतिमा नेपालगञ्ज उपमहानगर र वडा कार्यालयले विभिन्न भौतिक तथा सामाजिक गतिविधि पनि अघि बढाएको छ।

नेपालगञ्ज-१ का वडा ध्यक्ष एवं प्रवक्ता प्रमोद रिजालका अनुसार धम्बोजीस्थित वडा कार्यालय परिसरमा दुवै सहिदको स्मृतिमा 'सहिद योग भवन' र खुला 'जिम हाउस' निर्माण गरिएको छ। उहाँहरूकै सम्मानमा थप संरचना निर्माण प्रक्रिया पनि अघि बढाइएको उहाँको भनाइ छ।

वडा ध्यक्ष रिजालले भन्नुभयो, "उहाँहरूको सम्मानमा वाटरपार्क नजिकै अर्धकदको सालिक निर्माण गर्नुका साथै विशालनगर क्षेत्रमा उहाँहरूका नाममा 'सहिद प्रवेशद्वार' निर्माण भइरहेको छ।" उपमहानगरले दुवै सहिदको स्मृतिमा 'सहिद रनिङ शिल्ड' प्रतियोगिता सञ्चालन गर्ने निर्णय पनि गरेको उहाँले जानकारी दिनुभयो । वडाध्यक्ष रिजालका अनुसार स्थानीय सरकार सहिद परिवारका समस्या तथा माग सम्बोधन गर्न निरन्तर संवादमा छ। जेनजी आन्दोलनका क्रममा एउटै टोलका दुई युवाले ज्यान गुमाएपछि धम्बोजीका स्थानीयवासीमा घटनाको अहिलेसम्म प्रभाव रहेको स्थानीयवासी बताउँछन् ।

आयुष र सुलभका परिवार ले छोराहरूको मृत्युको घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही हुनुपर्ने माग गर्दै आएका छन् । आफ्ना छोराले काठमाडौँमा ज्यान गुमाएको एक वर्ष बितिसक्दा पनि घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाही हुन नसकेको भन्दै सहिदका आफन्त तथा परिवारले तत्काल आफ्ना माग सम्बोधन हुनुपर्ने बताएका छन् । परिवारले सहिदको सम्मान, परिवारका एक सदस्यलाई रोजगारी, घटनाको निष्पक्ष छानबिन तथा गोली चलाउनेमाथि कानुनी कारबाहीको माग सरकारसँग गर्दै आएका छन्। सहिद आयुष थापाका पिता सुशील थापाले आन्दोलनका क्रममा निर्दोष युवाले ज्यान गुमाए पनि घटनाको जिम्मेवारी लिने र दोषीमाथि कारबाही गर्ने काम हुन नसकेको बताउनुभयो ।

"जेनजी आन्दोलनका सहिदका चाहना र माग पूरा गर्ने जिम्मेवारी आन्दोलन पछि बनेको सरकारको हो । घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्दछ", उहाँले भन्नुभयो । नेपालगञ्ज उपमहा-नगरले जेनजी सहिदको स्मृतिलाई स्थानीय तहमा संस्थागत गर्ने उद्देश्यले पाठ्यक्रममा उहाँहरूको परिचय समेट्ने तयारी गरेको छ । यससँगै सहिदको स्मृतिमा भौतिक संरचना, खेलकुद तथा अन्य सामाजिक गतिविधिलाई निरन्तरता दिइएको छ।

# क्यान्सर अस्पतालमा रेडियोथेरापी सेवा

नेपालगञ्ज। करिब छ महिनादेखि बन्द रहेको बाँकेको खजुरा गाउँपालिका-४ स्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पताल को रेडियोथेरापी सेवा पुनः सञ्चालनमा आएको छ । अस्पताल मा जडान गरिएका लिनियर एक्सि-लरेटर (लिन्याक) र ब्रेकिथेरापी मेसिन मर्मतपछि सञ्चालन गरिएका कारण क्यान्सरका बिरामीले लामो समयदेखि भोग्दै आएको उपचारसम्बन्धी समस्या कम भएको छ ।

क्यान्सर उपचारका लागि आवश्यकपर्ने रेडियोथेरापी सेवा बन्द हुँदा धेरै बिरामीलाई अन्य अस्पताल तथा स्वास्थ्य संस्थामा जानुपर्ने बाध्यता थियो । बिग्रिएका उपकरण मर्मतगरी सेवा पुनःसञ्चालन गरिएपछि अस्पताल बाटै नियमित रूपमा रेडियोथेरापी उपचार लिन सकिने अस्पताल प्रशासनले जनाएको छ। अस्पतालका सूचना अधिकारी डा प्रवीणकुमार गुप्ताका अनुसार लामो समयदेखि सञ्चालन मा आउन नसकेका लिन्याक र ब्रेकिथेरापी मेसिनको आवश्यक मर्मतपछि यसै सातादेखि दुवै उपकरण सञ्चालनमा ल्याइएको हो। "क्यान्सर उपचारमा रेडियोथेरापी महत्वपूर्ण उपचार विधि हो। उपकरणमा आएको प्राविधिक समस्याका कारण लामो समय सेवा प्रभावित भए पनि मर्मतपछि अहिले सेवा पुनः सञ्चालन मा आएको छ", उहाँले बताउनुभयो। लिन्याक नामक उपकरणले क्यान्सर प्रभावित भागमा आवश्यकमात्रामा विकिरण केन्द्रित गरी उपचार गर्न सहयोग गर्छ । त्यसबाट शरीरको प्रभावित भागमा लक्षित रूपमा विकिरण दिइने भएकाले क्यान्सर उपचारमा त्यसको महत्वपूर्ण भूमिका हुन्छ । ब्रेकिथेरापीमा पनि प्रभावित स्थानको नजिकै विकिरणका स्रोत राखेर उपचार गरिने गुप्ताले बताउनुभयो।

**परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण (RIEE) अध्ययनको सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति : २०८३/०६/१६ शुक्रबार

**सूचना ! सूचना !! सूचना !!!**

नेपाल विद्युत प्राधिकरणद्वारा बागमती प्रदेशको नुवाकोट र धादिङ जिल्लामा निर्माणाधीन बोराङ्ग-नौबिसे (रातमाटे) २२० के.भी. प्रसारण लाइन आयोजनाको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण (RIEE) प्रतिवेदन तयारीको सिलसिलामा सरोकारवाला ब्यक्ति/संस्थाहरूको राय सुझाव सङ्कलनका लागि निम्न स्थान, मिति र समयमा सार्वजनिक सुनुवाइ कार्यक्रम हुने भएकोले उक्त कार्यक्रममा उपस्थित भई राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध छ।

**आयोजना प्रभावित स्थानीय तह**

**धादिङ जिल्ला**
रुवी भ्याली गाउँपालिका, वडा नं. ४
खनियाबास गाउँपालिका, वडा नं. १,२,३ र ४
त्रिपुरासुन्दरी गाउँपालिका, वडा नं. ७
नेत्रावती डबजोङ गाउँपालिका, वडा नं. १, ४ र ५
नीलकण्ठ नगरपालिका, वडा नं. १ र १४

**नुवाकोट जिल्ला**
तारकेश्वर गाउँपालिका, वडा नं. २,३ र ४
बेलकोटगढी नगरपालिका, वडा नं. ७

**आयोजक**
**नेपाल विद्युत प्राधिकरण**
**सामाजिक सुरक्षण तथा वातावरण व्यवस्थापन विभाग**
**मातातिर्थ, काठमाडौं**
**फोन नं. ०१-५९०२०१५**
Email: ssemd@nea.org.np

**सार्वजनिक सुनुवाइ कार्यक्रम हुने स्थान**

| | | |
|---|---|---|
| **पेर्चो महिला भवन** | **श्री शान्तिकाली आधारभूत विद्यालय** | **वडा कार्यालय भवन** |
| **पेर्चो, खनियाबास-१, धादिङ** | **चरङ्गे, नेत्रावती डबजोङ-५, धादिङ** | **जोरचौतारो, तारकेश्वर-३, नुवाकोट** |
| मितिः २०८३/०६/२० मङ्गलबार | मितिः २०८३/०६/२१ बुधबार | मितिः २०८३/०६/२१ बुधबार |
| समयः बिहान ११:०० बजे । | समयः बिहान ८:०० बजे । | समयः अपराह्न २:०० बजे । |

# फिर्के खोलाको खोलाघरभित्रका संरचना हटाउन थालियो

कास्की । पोखरा महानगरपालिकाले अधेरीकुनादेखि फेवातालसम्म बजारको मध्य भाग भएर बग्ने फिर्के खोलाको खोलाघरभित्र निर्माण गरिएका संरचना हटाउने कार्य पुनः थालिएको गरेको छ ।

फिर्के खोलाको खोलाघर भित्र निर्माण भएका संरचना सम्बन्धित व्यक्ति तथा संस्थाले आफैँ हटाउने भनी महानगरपालिका समक्ष मौखिक सहमति जनाए पनि सहमतिअनुसार संरचना नहटाएपछि महानगरपालिकाले आजदेखि हटाउने कार्य अगाडि बढाएको हो । महानगरपालिकाले फिर्के खोलाको संरक्षण, विकास तथा सम्वर्द्धन गर्दै वातावरण तथा पर्यावरणमैत्री पोखरा निर्माण गर्ने अभियानअन्तर्गत गत जेठ १० गतेदेखि खोलाघरभित्रका संरचना हटाउने कार्य अघि बढाएको थियो ।

केही संरचना हटाएपछि स्थानीयको आग्रहमा हटाउनका लागि थप समय दिइएको थियो । तर यसबीचमा संरचना पूर्ण रुपमा नहटेपछि महानगरले अतिक्रमण हटाउन पुनः सुरु गरेको जनाएको छ । महानगरले गरेको नाप जाँच अनुसार फिर्केमा स्थायी र अस्थायी गरी १६० संरचना छन् ।

फिर्के खोलाको प्राकृतिक बहाव कायम राख्दै यसको संरक्षण र व्यवस्थापनमार्फत पोखराको वातावरणीय सौन्दर्य तथा पर्यावरण सन्तुलन कायम गर्न महानगर पालिकाले संरचना हटाउने कार्यलाई निरन्तरता दिएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । उहाँका अनुसार फिर्केखोलाको प्राकृतिक बहाव क्षेत्रभित्र रहेका संरचना हटाउने विषयमा लामो कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी अदालतको आदेशसमेत पर्खिएपछि महानगरपालिकाले संरचना हटाउने कार्य अघि बढाएको हो ।

"महानगर पालिकाले यसअघि केही संरचना हटाएपछि सम्बन्धित घरधनी तथा सङ्घ-संस्थाहरूले आफैँ संरचना हटाउन समय उपलब्ध गराइदिन अनुरोध गर्नुभएको थियो ।

सोहीअनुसार निश्चित समयसीमा तोकेर आफैँ संरचना हटाउने अवसर दिइएको थियो । तोकिएको समय सीमा तथा थप गरिएको समयसँगै भोटेकोशी मा गएको बाढी र वर्षायामलाई समेत मध्यनजर गरी अतिरिक्त समय उपलब्ध गराउँदा पनि कतिपय संरचना नहटाइएपछि महानगर पालिकाले माइकिङमार्फत सूचना जारी गरेको थियो", प्रमुख आचार्यले भन्नुभयो ।

फिर्केखोलाको प्राकृतिक बहाव क्षेत्र संरक्षण, बाढी तथा डुबानको जोखिम न्यूनीकरण र सुरक्षित तथा व्यवस्थित पोखरा निर्माणका लागि संरचना हटाउने अभियान अघि बढाइएको उहाँले



बताउनुभयो । फिर्केका खोलाघर भित्रका संरचना हटाउन ढिलाइ भएपछि नागरिक समाजले निरन्तर महानगरको ध्यानाकर्षण गराउँदै आएको थियो । नागरिक अभियन्ता रामबहादुर पौडेलले फिर्केको खोलाघरमा निर्मित बाँकी संरचना खाली गर्ने अभियान सुरु भएकामा खुशी व्यक्त गर्नुभयो । "खोलाघरमा बनेका संरचना पूर्ण खाली गरेलगत्तै दोस्रो चरणमा मुआब्जा वितरण र दायाँवायाँ फुटट्र्याक र साइकल लेन सहित करिडोर निर्माणमा महानगरले काम गर्नुपर्छ," अभियन्ता पौडेलले भन्नुभयो ।

साबिक ग्यारजातीपछि सराङकोट हुँदै हाल पोखरा महानगरपालिका-१८, २ ,४, ५, ७, ८, ६ र १७ भएर फेवातालमा मिसिने फिर्के खोलाको कूल लम्बाइ आठ किलोमिटर रहेको छ । यो खोला कम्तीमा ३.३० मिटरदेखि बढीमा ४० मिटरसम्म फराकिलो रहेको नाप जाँचका क्रममा पाइएको छ । फिर्केखोलाको प्राविधिक नाप जाँचपछि यकिन गरिएको खोला घरको पश्चिमतर्फ ३०३ र पूर्वतर्फ २८५ वटा सीमा स्तम्भ गाडिएका छन् ।

# वार्षिक समीक्षामा सखुवा प्रसौनी जिल्लामै प्रथम

वीरगञ्ज । आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको वार्षिक समीक्षामा पर्सास्थित सखुवा प्रसौनी गाउँ पालिका जिल्लामै प्रथम भएको छ । जिल्लास्तरीय वार्षिक स्वास्थ्य समीक्षा कार्यक्रमबाट सार्वजनिक नतिजाअनुसार ठोरी गाउँपालिका दोस्रो र जगरनाथपुर गाउँपालिका तेस्रो भएको छ । स्वास्थ्य कार्यक्रमको मूल्याङ्कनमा स्वास्थ्य सेवाको योजना तथा कार्यान्वयन, सेवा प्रवाह, सेवाको पहुँच तथा गुणस्तर, लक्षित समुदायसम्म सेवाको पहुँच र स्वास्थ्य संस्थाको कार्यसम्पादन लगायत विभिन्न सूचकका आधारमा आफ्नो गाउँ पालिका सखुवा प्रसौनी गाउँपालिका प्रथम भएको अध्यक्ष जसवन्त यादवले जानकारी दिनुभयो । उहाँले उत्कृष्ट नतिजा हासिल गर्न स्वास्थ्य कार्यक्रम सञ्चालनमा योगदान पुर्‍याउने सम्पूर्ण स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा उक्त गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीप्रति आभार पनि व्यक्त गर्नुभयो ।

त्यसैगरी, बारा जिल्लामा आर्थिक वर्ष २०८२/८३ को स्वास्थ्य कार्यक्रम मूल्याङ्कनमा परवानीपुर गाउँपालिका प्रथम, महागढीमाई नगरपालिका दोस्रो र करैयामाई गाउँपालिका तेस्रो भएको छ ।

# हिम्लुङ हिमपहिरोमा थप आठ जनाको शव भेटियो

मनाङ । मनाङको नार्पाभूमि गाउँपालिका-५ स्थित हिम्लुङ हिमालमा गएको हिमपहिरोमा हराइरहेकामध्ये बिहीबार थप आठ जनाको शव भेटिएको छ ।

यही असोज ११ गते गएको हिमपहिरोमा परी ज्यान गुमाउने आरोहीको सङ्ख्या १५ पुगेको छ । बिहीबार बिहान चार जनाको शव भेटिएकामा बिहीबारै दिउँसो थप चार जनाको शव भेटिएको सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

यसअघि सात जनाको शव भेटिएको थियो । हिम्लुङ हिमपहिरोमा परेर अझै एक जना हराइरहेका छन् । "दुई जनाको शव सदरमुकाम चामे ल्याइएको छ, छ शव फूगाउँसम्म ल्याइएको छ", सहायक प्रमुख जिल्ला अधिकारी पौडेलले भन्नुभयो, "रात परिसकेकाले हेलिकप्टर उडान हुन सक्दैन । शुक्रबार अरु शव ल्याउँछौँ ।" नेपाली सेनाको हेलिकप्टरमार्फत बिहीबार ती शव ल्याइएको हो । यसैगरी नेपाली सेनाको टोलीले स्थानीय तथा अन्य सुरक्षा निकाय सँगको समन्वयमा चामे गाउँ पालिका-४ स्थित ठाडो खोलामा पहिरोका कारण थुनिएको मर्स्याङ्दी नदीको बहाव खुलाउने तथा अवरुद्ध विद्युत् प्रसारण लाइन सुचारु गर्ने कार्य पनि गरिरहेको छ ।

हिमालको आधार शिविरमा यही असोज ११ गते बिहान हिमपहिरो गएको थियो । उक्त क्षेत्रमा नेपाल नेशनल माउन्टेन गाइड एसोसिएशन (एनएनएमजीए)ले खोज तथा उद्धारका लागि ११ सदस्यीय उद्धार दक्ष टोली खटाएको छ ।

# परराष्ट्रमन्त्री खनाल फिजी र टुभालु जाँदै

काठमाडौँ । परराष्ट्रमन्त्री शिशिर खनाल जलवायु परिवर्तन सम्बन्धी 'प्रि-कोप लिडर्स इभेन्ट' मा सहभागी हुन यही असोज १७ गते शनिबार फिजी प्रस्थान गर्नुहुने भएको छ । फिजी र टुभालुमा यही अक्टोबर ५ र ६ तारिखमा आयोजना हुने उक्त कार्यक्रममा सहभागी हुन मन्त्री खनालको नेतृत्वमा चार सदस्यीय नेपाली प्रतिनिधिमण्डल त्यसतर्फ जान लागेको मन्त्रालयले जनाएको छ । परराष्ट्र मन्त्रालयले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार मन्त्री खनालले अक्टोबर ६ तारिखमा आयोजना हुने नेताहरूको पूर्ण सत्र (लिडर्स प्लेनरी) मा सम्बोधन गर्नुहुनेछ । उक्त सत्रअघि मन्त्री खनालले पलाउका राष्ट्रपति तथा अस्ट्रेलिया र फिजीका प्रधानमन्त्रीसँग संयुक्त रूपमा आयोजना हुने सञ्चारकर्मीसँगको प्रश्नोत्तर कार्यक्रममा पनि सहभागिता जनाउनुहुनेछ । जलवायु परिवर्तन सम्बन्धी विश्वव्यापी संवाद र सहकार्यलाई अगाडि बढाउने उद्देश्यले आयोजना हुने प्रि-कोप लिडर्स इभेन्टमा नेपालको सहभागिता ले जलवायु परिवर्तनका असर, जलवायु न्याय तथा हिमाली राष्ट्रका सरोकारका विषयलाई अन्तरराष्ट्रिय मञ्चमा उठाउने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ । फिजी र टुभालुमा आयोजना हुने कार्यक्रममा सहभागिता जनाएपछि परराष्ट्रमन्त्री खनाल अस्ट्रेलिया प्रस्थान गर्नुहुनेछ । उहाँले अक्टोबर ८ तारिखमा अस्ट्रेलियाका विदेशमन्त्री पेनी वङसँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । भेटवार्ताका क्रममा नेपाल-अस्ट्रेलिया सम्बन्ध, द्विपक्षीय सहकार्य तथा आपसी हितका विविध विषयमा छलफल हुने अपेक्षा गरिएको छ । अस्ट्रेलिया भ्रमणका क्रममा मन्त्री खनालले क्यानबेरा स्थित नेपाली दूतावास र सिड्नीमा नेपाली डायस्पोराद्वारा छुट्टाछुट्टै आयोजना गरिने कार्यक्रममा पनि सहभागिता जनाउनुहुनेछ । ती कार्यक्रममार्फत उहाँले अस्ट्रेलियामा रहेका नेपाली समुदायसँग अन्तरक्रिया गर्नुहुनेछ । मन्त्री खनाल अक्टोबर १२ तारिखमा नेपाल फर्कनुहुनेछ ।

# सीमा अपराध नियन्त्रणमा निर्मम हुन सशस्त्र प्रहरी महानिरीक्षक पौडेलको निर्देशन

काठमाडौँ । सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले सीमा अपराध नियन्त्रणमा निर्मम ढङ्गले लाग्न निर्देशन दिनुभएको छ ।

मधेस प्रदेशस्थित नं २ छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरी लगायत मातहत गण, गुल्म तथा बोर्डर आउट पोष्ट र सुरक्षा बेसमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीलाई उहाँले सो निर्देशन दिनुभएको हो ।

महानिरीक्षक पौडेलले सम्बन्धित सरोकारवाला निकाय तथा सीमावर्ती स्थानीय बासिन्दा सँग सीमा सुरक्षा एवं समसामयिक विषयमा हाल भइरहेका काम कारबाही बारे जानकारी लिनुभएको सशस्त्रका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो । त्यस क्रममा उहाँले सो क्षेत्रमा कार्यरत कमाण्डरलाई सीमा क्षेत्रमा हुने अवैध गतिविधिको प्रभावकारी निगरानी, नियन्त्रण तथा रोकथामलाई थप सुदृढ गर्दै उच्च सतर्कता, समन्वय र जिम्मेवारीका साथ कार्यसम्पादन गर्न निर्देशन दिनुभएको हो ।

सीमा इलाकामा हुने अवैध क्रियाकलाप रोकथाम र नियन्त्रणका लागि समयमा नै योजना बनाई सीमा अपराध तथा राजस्व चुहावट नियन्त्रणमा प्रभावकारी रूपमा परिचालित भई नतिजामुखी काम गर्न निर्देशन दिनुभयो ।


Government of Nepal

**Jwalamukhi Rural Municipality**

**Office of Rural Municipal Executive**

Dhading, Bagamati Province, Nepal

Invitation for Sealed Quotation

Sealed Quotation No: JWALA/DHD/10/2083/084

Date of first Publication: 2083-06-16

1. The Jwalamukhi Rural Municipality invites sealed quotations from registered Suppliers for the supply and delivery of medicines for basic and emergency health services.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jwalamukhi Rural Municipality, Office of Rural Municipal Executive, Sadhbhanjyang, Dhading.
3. A complete set of Bidding Documents can be purchased from Jwalamukhi Rural Municipality, Sadhbhanjyang, Dhading by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2083-06-22 during office hours in the following account:
   **Name of the Bank:** Nepal Investment Mega Bank Ltd
   **Name of Office:** GA 1.1 Jwalamukhi GA.PA. Aantarik Rajasho Khata
   **Office Code no.:** 1125526
   **Office Account no.:** 16601400000093
4. Sealed bids must be submitted to the office of Jwalamukhi Rural Municipality, Sadhbhanjyang, Dhading by hand on or before 12:00 Hrs on 2083-06-23. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs on 2083-06-23 at the office of Jwalamukhi Rural Municipality, Sadhbhanjyang, Dhading. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs 30,000/-, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S.No. | Contract Identification No. | Description of Goods | Estimated Amount (without VAT) in Nrs. | Bid Security Amount in Nrs. | Remarks |
|---|---|---|---|---|---|
| 1 | JWALA/DHD/10/2083/084 | Procurement of medicines for basic and emergency health services | 11,87,000/- | 30,000/- | |

**Chief Administrative Officer**


प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com